# आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य

## गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गोलबजार,सिरहा
## प्रदेश नं. २,नेपाल

# गोलबजार नगरपालिकाको पाँचौ नगर सभा
# २०७८ साल, असार १० गते विहिवार
# नगर उप - प्रमुख श्री रेशम कुमारी थापाज्यूद्वार प्रस्तुत बजेट वक्तव्य

यस नगर सभाका अध्यक्षज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगर सभाका सदस्यज्यूहरु ।

१. सन् २०२० को प्रारम्भमा देखापरेका कोभिड-१९ महामारीले हाम्रो विकास र समृद्धिको यात्रालाई गम्भीर रुपमा प्रभावित गरेको छ । कोभिड -१९ महामारीको रोकथाम र नियन्त्रण गर्न बाध्यतावश अवलम्वन गरिएका कृयाकलापले गर्दा धेरै नेपालीको काम र रोजगारी प्रभावित भएका छन् । हाम्रो जीवनकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै नागरिकको जीवनरक्षा गर्न र विकासलाई गतिशील तुल्याउँदै पुनरुत्थान गर्न सकिन्छ भने विश्वासका साथ गोलबजार नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले यस नगर सभामा अगामी **आर्थिक वर्ष २०७८।०७९ को** बजेट प्रस्तुत गर्न लागेको छु ।

२. मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको नवयुगान्तकारी यात्रा तय गर्न जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु । परिवर्तनकामी आन्दोलनमा नेतृत्व तथा योगदान गर्नुहुने अग्रज दिदीवहिनी तथा दाजुभाइहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

३. कोभिड-१९ महामारीबाट मृत्यूवरण गरेका आम नेपाली नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड-१९ बाट सङ्क्रमित सम्पूर्ण नेपाली नागरिकहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. चालु आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनबाट विकास र समृद्धिको आधार निर्माण भई गरिवी निवारण, रोजगारी सिर्जना तथा नागरिकको जीवनस्तरमा गुणात्मक सुधारको अपेक्षा लिएको छु ।

५. अगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा संविधान र कानुनहरु, नेपाल सरकार, प्रदेश सरकार र गोलबजार नगरपालिकाको नीति तथा कार्यक्रम, चुनावी घोषणापत्र, क्षेत्रगत नीतिहरु र दिगो विकासका लक्ष्यलाई मुख्य आधार बनाएको छु ! बजेट तर्जुमाको क्रममा राजस्व परामर्श समिति, संघसंस्था, विद्धतवर्ग र नगरवासीबाट प्राप्त रचनात्मक सुझावहरुलाई ध्यान दिएको छु । सबै प्रकारका सामाजिक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धि र सामाजिक न्यायको यात्रालाई थप गतिशील बनाउने र समाजवादको आधार निर्माण गर्ने उदेश्यबाट निर्देशित भएको छु । जनप्रतिनिधि, निजी क्षेत्र, वुद्धिजीवी, पेशाविद् र आम नागरिकबाट प्राप्त सुझावलाई समेत यथोचित महत्व दिएको छु ।

६. कोभिड-१९ को पहिलो र दोस्रो लहरको प्रकोपले निम्त्याएका जोखिमपूर्ण अवस्थाको विश्लेषण गरि यसबाट आगामी दिनमा हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण तथा नागरिकको जीवनरक्षाका लागि अत्यावश्यक व्यवस्थापनमा विशेष ध्यान दिएको छु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू,**

७. अव म आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेटका उद्धेश्य, प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. **बजेटका उद्धेश्यहरु:**

- समाजवादको आधार निर्माण गर्ने ।
- सम्पूर्ण सेवामा आम नागरिकको पहुँच अभिबृद्धि गर्ने ।
- समतामुलक र समृद्ध नगर निर्माण गर्ने ।
- दीगो विकासका लक्ष्य अनुरुप भौतिक पुर्वाधारको विकास गर्ने ।
- स्थानीय श्रोत साधनमा सबैको पहुँच कायम गरि न्यायोचित वितरण गर्ने ।
- सामाजिक न्याय सहितको आर्थिक विकास कायम गर्ने ।

९. **बजेटका प्राथमिकताहरु:**

- वातावरण र जलवायुमैत्री भौतिक पुर्वाधारको निर्माण ।
- रोजगारी सिर्जना र आयमा बृद्धि ।
- गाउँ गाउँमा सडक सञ्जालको निर्माण एवं विस्तार ।
- गुणस्तरीय तथा सीपमूलक शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई एवं कृषि क्षेत्रको विकास ।
- लक्षित वर्गको सशक्तिकरण ।
- सुशासन, पारदर्शिता र सेवा प्रवाहमा गुणात्मक सुधार ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू,**

१०. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न अनुमति चाहन्छु ।

भौतिक पुर्वाधार:

११. **"नगर समृद्धिको मूल आधार, भौतिक पुर्वाधार तथा विकास निर्माण"**भन्ने मूल उदेश्यका साथ विकासको मेरुदण्ड सडक सञ्जाल र शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भुमिकालाई आत्मसात गर्दै पक्की सडक निर्माण गर्न वडागत तथा नगरस्तरीय योजना सञ्चालन गरिनेछ । नेपाल सरकारको वस्ती विकास तथा भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरि सुन्दर हराभरा र व्यवस्थित नगरको विकास गरिनेछ । नगरपालिकाको सुविधा सम्पन्न कार्यालय भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न गरिनेछ । यसका लागि भौतिक पूर्वाधार तर्फ **रु. ३० करोड ९५ लाख ८७ हजार ५ सय ५०** रुपैया ८० पैसा विनियोजन गरेको छु ।

आर्थिक विकास:

१२. **"व्यवसायिक कृषि, नगरको समृद्धि"** मूल उदेश्यका साथ कृषि क्षेत्रको व्यवसायिकरण, यान्त्रिकिकरण, आधुनिकिकरण तथा बजारिकरण गर्दै लगिनेछ । कृषि पेशालाई मर्यादित तथा आकर्षक पेशाको रुपमा विकास

गरिनेछ । तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको क्षेत्र पहिचान गरि विभिन्न खाद्य वस्तुहरु र तरकारी लगायत अन्य क्षेत्रलाई पकेट क्षेत्र निर्धारण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्र भित्र तरकारी, फलफूल, माछा मासुको गुदरी वजारलाई सुविधायूक्त कृषि उपज वजारको निर्माण गरिनेछ । कृषि क्षेत्रको समग्र विकासको लागि **नगर प्रमुख कृषि परियोजना** कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटन, उद्योग तथा व्यपारको प्रवर्द्धन गर्न निजी क्षेत्रको सहकार्यमा बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आर्थिक विकास तर्फ **रु. ३ करोड ४४ लाख ९४ हजार** विनियोजन गरेको छु ।

**सामाजिक विकासः**

१३. **"निशुल्क तथा गुणस्तरीय शिक्षा, शिक्षित नगर हाम्रो अपेक्षा"**मूल उदेश्यलाई साकार पार्न सामाजिक विकासको मेरुदण्डको रपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रको विकासको लागि योजनाबद्ध रुपमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय क्षेत्र विकास कार्यक्रमलाई प्राथमिकतासाथ कार्यान्वयन गरिनेछ । शिक्षालाई गुणस्तरीय तथा जनशक्तिलाई प्रतिस्पर्धात्मक बनाउन र सामुदायिक एवं नीजि विद्यालयहरु बिचको भिन्नता कम गर्न वशेष कार्यक्रम सञ्चालन गरिनेछ । प्राविधिक तथा प्रविधिमैत्री शिक्षा तालिम र प्रशिक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयहरुको पुर्वाधार सुधारमा विशेष जोड दिएको छु । अति विपन्न, जेहेन्दार तथा गरिव परिवारका छात्रछात्राहरुको प्राविधिक शिक्षामा पहुँच पुर्याउन **नगर प्रमुख पूर्ण छात्रवृति कार्यक्रम** सञ्चालन गरिनेछ ।

**" स्वस्थ्य नागरिक समृद्ध नगर, रोगमुक्त जीवनशैली हाम्रो रहर"**भन्ने मूल नाराकासाथ स्वास्थ्य सेवालाई प्रभावकारी तथा जनमुखी सेवाको रुपमा स्थापित गरिनेछ । कोभिड -१९ जस्ता गम्भीर सङ्क्रामक तथा प्राणघातक रोगहरुको नियन्त्रण, रोकथाम र उपचार व्यवस्थापन कार्यलाई प्रभावकारी रुपले सञ्चालन तथा व्यवस्थापन गरिनेछ । स्वास्थ्य सेवाको विस्तार तथा स्वास्थ्य चौकीहरुको स्तरोन्तीका कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक अस्पताल निर्माण तथा गोलबजार अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यलाई पूर्णता प्रदान गर्न जोड दिईनेछ । आयूर्वेद चिकित्सा, औषधि उपचार तथा सेवा विस्तार कार्यक्रममा जोड दिईनेछ । योग शिक्षा तथा योग शिविर कार्यक्रम संचालन गरिनेछ । आपाङ्ग तथा बालमैत्री कार्यक्रमहरु संचालनमा जोड दिईनेछ । घरेलु हिंसा, महिला हिंसा जस्ता अपराधहरु नियन्त्रणका लागि जनचेतनामूलक तथा दवावमूलक विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यूव तथा खेलकुद प्रेमीहरुका लागि खेलकुद विकास कार्यक्रम सञ्चालन गरिनेछ । यूवा लक्षित सीपमूलक तालिम तथा स्वरोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि सामाजिक विकास **तर्फ रु. २८ करोड २८ लाख ५६ हजार** विनियोजन गरेको छु ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू,**

**वातावरण तथा प्रकोप व्यवस्थापनः**

१४. नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नागरिकको मौलिक हकको रुपमा व्यवहारमा कार्यान्वयन गर्न फोहोर मैलालाई श्रोतमै वर्गीकरण गरि संकलन गर्ने, सड्ने गल्ने फोहोरलाई प्रशोधन गरि मलको रुपमा उपयोग गर्ने गरि फोहोर मैल व्यवस्थापन गर्ने कार्यलाई उत्प्रेरित गरिनेछ । आफ्नो घरको फोहोर आफैं व्यवस्थापन गर्नुपर्छ भन्ने सोंचको विकास गरि फोहोरलाई मोहरमा बदलिने नीति अख्तियार गरिनेछ । फोहोर

मैलाको उचित व्यवस्थापन गरि वातावरण तथा पर्यावरण संरक्षण, जलवायू परिवर्तनको असर न्यूनीकरण गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सरोकारवाला निकाय, संघ संस्था, नीजि तथा सरकारी वा गैह्र सहकारी संस्थाहरु सँग समन्वय एवं साझेदारी गरी नगर भित्रको फोहोर मैलाको उचित व्यवस्थापन गरिनेछ । यसका लागि वातावरण तथा प्रकोप व्यवस्थापन तर्फ **रु. ५० लाख विनियोजन** गरेको छ ।

**मानव संसाधन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनः:**

१५. फरक क्षमता भएका व्यक्ति, महिला, वालवालिका, जेष्ठ नागरिक, जातिय विभेद न्यूनीकरण, समतामूलक समाज निर्माण र राज्यले अवलम्बन गरेको समावेशी विकासलाई प्रबर्द्धन गर्नको लागि गोलबजार नगर सरकार समेत प्रतिबद्ध रहेको छ । नगरपालिकाको न्यायिक समितिलाई सवल बनाई नागरिक तथा स्थानीय मुद्दाहरुको सम्वोधन गर्न न्यायमा सहज र सुलभ पहुँच अभिबृद्धि गर्न न्यायिक समितिलाई प्रभावकारी वनाईनेछ । जनशक्ति विकास, संगठनात्मक संरचना, सूचनामैत्री कार्यसम्पादन र प्रभावकारी सेवा प्रवाहमा जोड दिईएको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि संगठन संरचनाको पुनर्गठ़न गरिनेछ । कर्मचारीको गठन, सञ्चालन र सेवा सुविधा सम्बन्धि कानुन निर्माण गरिनेछ । सदाचारिता नीति तर्जुमा गरि सुशासन प्रबर्द्धन गरिनेछ । जनप्रतिनिध र राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्नको लागि तालिम लगायत अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि **रु. १७ करोड ८६ लाख ३८ हजार** विनियोजन गरेको छ ।

**आदरणीय अध्यक्षज्यू एवं नगर सभाका सदस्यज्यूहरु,,**

१६. अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि वजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१७. आगामी आर्थिक वर्षको लागि रु. **८१ करोड ५ लाख ७५ हजार ५ सय ५० रुपैया ८० पैसा** विनियोजन गरेको छ ।

**कुल विनियोजन मध्ये चालु तर्फः-**

- नगरपालिकाको चालु **तर्फ रु.१८ करोड ६५ लाख ८२ हजार**
- सशर्तको चालु तर्फ **रु. २२ करोड ५७ लाख ६ हजार**

**जम्मा चालु तर्फः रु. ४१ करोड २२ लाख ८८ हजार**

पुँजिगत तर्फः-

- नगरपालिकाको पुँजिगत तर्फ **रु.२२ करोड ५९ लाख ९३ हजार ५ सय ५० रुपैयाँ ८० पैसा**
- सशर्तको पुँजिगत तर्फ रु.**१७ करोड २२ लाख ९४ हजार**

**जम्मा पुँजिगत तर्फः रु. ३९ करोड ८२ लाख ८७ हजार ५ सय ५० रुपैया ८० पैसा**

१८. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुः

- राजस्वबाट रु. **५ करोड ५९ लाख ८८ हजार**

- वित्तिय समानिकरण तर्फ नेपाल सरकारबाट **रु. १५ करोड ५१ लाख**
- वित्तिय समानिकरण प्रदेश सरकारबाट रु. **१ करोड ७ लाख** ४४ हजार
- केन्द्रिय राजस्व बाँडफाँडबाट **रु. १० करोड** २८ **लाख** ८९ हजार
- मालपोत बाँडफाँड बाट **रु. १ करोड ५० लाख**
- नेपाल सरकारबाट विशेष अनुदान **रु. १ करोड ८७ लाख**
- प्रदेश सरकार राजस्व बाँडफाँडबाट प्राप्त रकम रु. **१ करोड ८ लाख ५४ हजार ४ सय ८६ रुपैया ८० पैसा**
- प्रदेश सरकारबाट समपूरक रकम **रु. २० करोड**
- यस वर्षको बचत हुने रकम(फ्रिज नभई बाँकी रहेको रकम) **६ करोड**
- नेपाल सरकारबाट प्राप्त शर्सत अनुदान **रु. ३५ करोड ६५ लाख**
- नेपाल सरकारबाट समपूरक रकम रु. **४ करोड १५ लाख**
- कूल जम्मा रकम **रु. ८१ करोड ५ लाख** ७५ हजार **५ सय ५० रुपैया ८० पैसा** जुटाईनेछ।

**आदरणीय नगर सभाका अध्यक्षज्यू**

१९. अब म आगामी आर्थिक वर्ष २०७८।०७९ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

२०. **राजस्व नीतिको उदेश्य देहाय बमोजिम हुनेछ।**

क. करको दायरा विस्तार गर्ने।

ख. करदातामैत्री प्रशासन र करदातालाई स्वस्फुर्त कर तिर्न प्रोत्साहन गर्ने।

ग. राजस्व सुधार योजना तथा कार्ययोजना बमोजिम आन्तरिक श्रोतको अभिवृद्धि गर्ने।

घ. करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउने।

ङ. उद्योग र व्यवसायमैत्री कर प्रणालीको विकास गर्ने ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरु,**

मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट श्रोत र साधनको अधिकतम् उपयोग र समन्यायिक वितरण भई यस नगर क्षेत्रको दिगो र उच्च आर्थिक वृद्धिको जग मजवुत, नगर बासीहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन, नगर सरकारको प्रभावकारीताको अभिवृद्धि भई नागरिकहरुले स्थानीय सरकारको सवल र प्रभावकारी उपस्थिति रहेको महसुस गर्नेछन् भन्ने विश्वास लिएको छु। सार्वजानिक सेवाको प्रभावकारीता एवम् गुणस्तर वृद्धि भई सुशासन प्रवर्द्धन हुने विश्वास लिएको छ। आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार निर्माण, कृषि, शिक्षा, स्वास्थ्य, सिंचाई क्षेत्रको विस्तार मार्फत रोजगारी सिर्जना, आयमा वृद्धि भई गरिबी न्यूनिकरणमा प्रत्यक्ष टेवा पुर्याउने अपेक्षा गरेको छु।

२१. यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू एवम् नगर कार्यपालिकाका सदस्यज्यूहरु लगायतं कर्मचारी मित्रंहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी राजनीतिक दल, नीजि क्षेत्र, सहकारी क्षेत्र र नागरिक सामाजका व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२२. आगामी वर्षको यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा राखेको छु । गोलबजार नगर क्षेत्रको विकास र समृद्धिको यस महान यात्रामा सहभागी हुन सम्पूर्ण नगरबासीहरुलाई आह्वान गर्दछु ।

**धन्यवाद ।**